उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास

संयुक्त इजलास

इजलास नम्बरः-३

माननीय न्यायाधीश श्री मदन पोखेल

माननीय न्यायाधीश श्री दलबहादुर के.सी.

आदेश

मुद्दा नम्बरः-०८२-WO-०२५०

रजिष्ट्रेशन नम्बरः-१३-०८२-००९०९

निर्णय नम्बरः-५३०

| | |
|---|---|
| बालकृष्ण थारुको छोरा लखनामरी माता कन्स्ट्रक्सन प्रा.लि. जानकी ६ बाँकेको संचालक जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं ६ बस्ने बर्ष ३३ को मुकेश कुमार चौधरी.....................................................१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| रासी सोनारी गाउँपालिकाको कार्यालय अगैया, बाँके................................१<br>ऐ.ऐ.कार्यालयका प्रशासकीय प्रमुख.....................................................१ | बिपक्षी |

मुद्दाः- उत्प्रेषण, प्रतिषेध र परमादेश

नेपालको संविधान, २०७२ को धारा १४४ तथा न्याय प्रशासन ऐन,२०७३ को दफा ८ को उपदफा (१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छः-

तथ्य खण्ड

१. रासी सोनारी गाउँपालिकाको कार्यालय अगैया, बाँकेले मिति २०८२।१०।२७ मा वसेको बैठकको निर्णय बमोजिम मुगुवा खोलाको विभिन्न स्थानमा जम्मा गरी राखेको

ढुङ्गा गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएका शर्तहरुको अधिनमा रही आवश्यक कागजातहरु सहित बोलपत्र प्रक्रियामा सहभागी हुन भनी बोलपत्र नं. ४/RSRM/२०८२-८३, बोलपत्रको नामः ढुंगा लिलाम रासीसोनारी ०२ बाँके (मुगुवा खोला), उत्खनन् परिणाम (धन फिट) ५५३९२३.५६, न्यूनतम बोलपत्र रकम (अन्य कर र शुल्क वाहेक) रु.४४३१३८८.४८, बोलपत्र दस्तुर रु.३०००।– भएको बोलपत्र मिति २०८२/११/ २७ मा सार्वजनिक सूचना प्रकाशित गरेको थियो।उल्लेखित बोलपत्र अनुसार म निवेदक कम्पनी समेत रितपूर्वक सहभागी भई भ्याट बाहेक रु.७०,००,०००।– (सत्तरी लाख रुपैयाँ) कबोल गरी सबैभन्दा बढी अंकको रकम कबोल गरी उक्त ठेक्का प्राप्त गरेको थियो।

२. बोलपत्र परिसकेपछि विपक्षी कार्यालयले कबोल अंकको ५% भन्दा कम रकमको बैंक ग्यारेन्टी पेश भएकोले सो सम्बन्धी के कति कारणले हुन गएको हो।स्पष्ट विवरण पत्र काटेको मितिले २ दिनभित्र यस कार्यालयमा जानकारी गराउनु हुन भनी बैंक ग्यारेन्टी जमानत सम्बन्धी स्पष्टीकरण माग भएकोमा म निवेदकले उल्लेखित बोलपत्रको कबोल अंकको रकम रु.७०,००,०००।- को ५% ले हुन आउने रु.३,५०,०००।- धरौटी रकम हिमालयन बैंक लि.शाखा कार्यालय शमशेरगंजमा रहेको धरौटी खाता नं.१२००७५४०५१०११३ मा १२० दिनको म्याद सहितको विडवण्ड पेश गर्नुपर्नेमा बैंकको लापरवाहीले रु.१,७०,०००।- जम्मा भएको र सो सम्बन्धमा बैंकसँग बुझ्दा बोलपत्रको सुचनाको शर्त राम्रोसंग नहेरी अन्य बोलपत्रमा झै २/३% मात्रै जम्मा गर्नुपर्ने होला भन्ने ठानी बैंक ग्यारेन्टी बनाई दिएको र बोलपत्र विड गर्ने अन्तिम मितिको अन्तिम समयमा विड गरेकोले आफ्नो पनि त्यसतर्फ ध्यान पुग्न नगई पेश गरिएको र यस बारेमा थाहा पाउनासाथ यथाशिघ्र ५% के विडवण्ड बनाएको तर अन्तिम समयको कारणले अपलोड हुन नसकेको हो।तोकिएको शर्तको ५% भन्दा कम रकमको बिडवण्ड बदनियतवस नभई मानवीय भुलबस भएको हो, ठेक्का प्रक्रिया सदर गरी बाँकी प्रक्रिया अगाडि वढाई पाउँ भनी विपक्षी नं २ लाई सम्बोधन गरी मिति २०८३।०१।०४ मा स्पष्टीकरण पेश गरेको थिएँ भने विपक्षी नं. २ ले सोही दिन

सहजताका साथ मौखिक समर्थन समेत गर्नु भएको थियो। तर हठात् विपक्षीले मिति २०८२।११।२९ मा विधुतीय खरिद प्रणालीमार्फत पेश भएका बोलपत्रहरु मध्ये उक्त ठेक्काको कामको लागि भवानी निर्माण सेवा डुडुवा ४ बाँकेलाई रु.५७,६३,०००/-(भ्याट सहित) मा दिइएको बोलपत्रको आसय सुचना पत्रवाट थाहा जानकारी हुन आएको र विपक्षीको उक्त कार्यले म निवेदकलाई गम्भिर रुपमा मर्का परेकोले सो सम्बन्धमा विपक्षी कार्यालयमा गई निवेदन समेत दिई त्यसो नगर्न अनुरोध गर्दा समेत विपक्षीले सुनुवाई नगरी, म निवेदकलाई सुचित नै नगरी मेरा नाममा स्वीकृत हुनुपर्ने बढी कबोल अंकको ठेक्का रद्द गरी कम कबोल अंकको अन्य फर्म भवानी निर्माण सेवाको बोलपत्र स्वीकृत गर्ने गरी मिति २०८३।०१।०८ को निर्णय र सुचना उत्प्रेषणको आदेशले बदर गरी उच्च अदालत नियमावली, २०७३ को दफा ४१, न्याय प्रसासन ऐन २०७३ को दफा ८ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ नं. बमोजिम मैले प्राप्त गरिसकेको ठेक्का प्राविधिक त्रुटीलाई देखाई हठात् रद्द गरी कम कबोल अंक भएको अन्य फर्मको बोलपत्र स्वीकृत गर्ने कार्य गैरकानूनी भएकाले सवैभन्दा बढी रकम कबोल गरेको लखनामरी माता कन्स्ट्रक्सन प्रा. लि. का नाममा बोलपत्र स्वीकृत गरी ठेक्काको काम कारवाही अगाडि बढाउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदकको रिट निवेदन।

३. यसमा के-कसो भएको हो ? निवेदकको निवेदन माग वमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत साथै राखी म्याद तामेल भएको मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू।

साथै, निवेदकले अन्तरिम आदेश समेत माग गरेको सम्बन्धमा विचार गर्दा दुबै पक्षको उपस्थितमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय गर्न उपयुक्त देखिएकोले मिति २०८३/०२/२५ को छलफल पेशी तारेख तोक्नु र उक्त अवधिसम्मको लागि निवेदकले निवेदनमा उल्लेख गरेको ठेक्का सम्झौताको विषयमा

विपक्षी गाउँपालिकाबाट मिति २०८३/०१/०८ को सूचना बमोजिम कुनै प्रकृया अघि नबढाई जे जुन अवस्थामा छ यथास्थितिमा राखु भनी विपक्षीहरुको नाँउमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ को उपनियम (१) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। सो को जानकारी विपक्षीहरुलाई शिघ्र दिई नियमानुसार गर्नू भनी यस अदालतबाट मिति २०८३/०२/२० मा भएको आदेश।

४. यसमा, विपक्षी रासीसोनारी गाउँपालिकालाई वोलपत्र नं. ४ RSRM/२०८२-८३ ढुंगा लिलाम रासिसोनारी ०२ बाँके (मुगुवा खोला) सम्बन्धी सक्कल मिसिल सहित उपस्थित हुन जानकारी गराई मिति २०८३/०३/०३ गते अन्तरिम आदेश सम्बन्धमा छलफल पेशी तोकी नियमानुसार पेस गर्नू भन्ने यस अदालतवाट मिति २०८३।०२।२५ मा भएको आदेश।

५. यसमा, विपक्षीबाट पेश भएको प्रस्तुत रिट निवेदनसँग सम्वन्धित सक्कल फाइलमा निवेदकले मिति २०८३/०१/०४ मा पेश गरेको स्पष्टीकरण विपक्षी कार्यालयमा दर्ता नं. ५१५० मा दर्ता भएको स्पष्टीकरणको पत्र रहेको नदेखिंदा उक्त स्पष्टीकरणको सक्कल पत्र सहितको सक्कल फाइलसहित विपक्षी प्रमुख प्रशासकीय अधिकृत स्वयंलाई अन्तरिम आदेश छलफलका लागी मिति २०८३/०३/०८ गते दिनको ठिक १०:०० बजे इजलास समक्ष उपस्थित हुनु भनी जानकारी दिई नियमानुसार पेश गर्नु साथै उक्त मितिसम्मको लागी मिति २०८३/०२/२० मा भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ।प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिनू भनी यस अदालतवाट मिति २०८३।०३।०३ मा भएको आदेश।

६. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (घ) को (७) बमोजिम गाउँपालिकाको आर्थिक ऐन, २०८० र गाउँपालिकाको मिति २०८२/१०/२७ मा बसेको बैठकको निर्णय बमोजिम गाउँपालिकाको क्षेत्रधिकार भित्र रहेको मुगुवा खोलाको बिभिन्न स्थानमा जम्मा गरेर राखेको ढुङ्गा यस गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र समेतका कागजात संलग्न गरी

तोकिएको शर्तहरुको अधिनमा रही प्रक्रियामा सहभागी हुनको लागि मिति २०८२/११/२९ मा सुचना प्रकाशन गरिएको, शर्तहरु मध्ये पहिलो पटक प्रकाशन भएको मितिले ३१ औं दिन १२ बजेभित्र बिद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न समय सीमा तोकी बोल पत्र नं. ४/RSRM/२०८२-८३ बोलपत्रको नाम ढुङ्गा लिलाम रासी सोनारी २ बाँके (मुगुवा खोला) उत्खनन घन परिमाण घन मिटर ५५३९२३.५६ न्युनतम मुल्य रु.४४,३१,३८८।४८ बोलपत्र दस्तुर रु.३,०००।– राखी विभिन्न शर्तहरु मध्ये शर्त नं. २ मा आफुले कबोल गरेको अंकको ५% को दरले हुन आउने धरौटी रकम यस कार्यालयको हिमालयन बैंक लि. शाखा कार्यालय सम्सेरगंजमा रहेको धरौटी खाता नं.१२००७५५४०५१००१६ मा जम्मा गरी सो को सक्कल भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको वीड बण्ड पेश गर्नु पर्नेछ भनी शर्त सहित सुचना प्रकाशन गरिएकोमा पुन: म्याद थप सम्बन्धी सुचना मिति २०८२/१२/२७ मा प्रकाशन गरिएकोमा तोकिएको समय सीमाभित्र अर्थात मिति २०८३/०१/०३ गतेसम्म लखनामरी माता कन्स्ट्रक्सन प्रा.लि., भवानी निर्माण सेवा, नेपाल विल्डर्स गरी ३ वटा कम्पनीको नियमानुसार पर्न आएको बोलपत्र मिति २०८३/०१/०३ मा नियमानुसार बोलपत्र खोल्दा लखनामरी माता कन्स्ट्रक्सन प्रा.लि. को पहिलो निवेदनमा उल्लेख गरे अनुसार रु.७९,१०,०००/- र भवानी निर्माण सेवाको दोस्रो रु.५७,६३,०००/- भ्याट सहितको आशयपत्र समेतको बोलपत्र आशयपत्र खोलिएकोमा निवेदक पहिलो मुल्य राखी पेस गरेको बोलपत्र आशय पत्रमा मात्र प्रकाशित सुचना बमोजिम बोलपत्रको कबोल अंकको ५% धरौट राखु पर्नेमा निवेदनमा उल्लेख गरे अनुसार रु.१,७०,०००/- २%-३% मात्र धरौटी राखेको देखिएकोले मिति २०८३/०१/०३ मा कबोल अंकको ५% भन्दा कम बैंक ग्यारेन्टी के कारणले हुन गएको हो स्पष्ट बिबरण २ दिनभित्र जानकारी गराउन अनुरोध गरिएकोमा त्रुटी हुन गएको, सच्याउन तयार रहेको भनी स्पष्ट पारेकोमा सो अनुसार उक्त खरिदकर्ता लखनामरी माता कन्स्ट्रक्सन प्रा.लि. ले यस कार्यालयमा सन १५ अप्रिल २०२६ मा प्राइम कमर्सियल बैंकबाट Reference no. 150-26-076BB (Bid

Bond) मा रु.१,७०,०००।- कै बैंक जमानत पेश गरेकोमा पुनः संशोधनमार्फत सोही मितिमा सोही Reference no को सोही बैंकको बैंक जमानत बनाई रु.३,५५,०००/- को बैंक जमानत ठेक्का सिमा समाप्त भएपछि पेश हुन आएकोमा यस कार्यालयबाट बैंक ग्यारेन्टी जारी गर्ने प्राइम कमर्सियल बैंक लि. शाखा कार्यालय कोहलपुर बाँकेलाई मिति २०८३/०१/१५ मा २ वटा बैंक ग्यारेन्टी के कुन मितिमा जारी भएका, कुन प्रयोजनको लागि हो भनी पत्राचार गर्दा १५०-२६-०७६BB बाट रु.१,७०,०००।- ठेक्का नं. ४/RSRM/२०८२-८३ को नाममा १५ अप्रिल २०२६ मा जारी गरिएको र ग्राहकले सोही जमानत रकम अपुग भनी थप माग भए बमोजिम पुनः सोही जमानतलाई संशोधन गरी १७ अप्रिल २०२६ मा रु.३,५५,०००।- को जारी गरेको भनी जानकारी गराएको, विपक्षी निवेदकले मिति २०८३/०१/१० मा त्रुटीबस बैंक ग्यारेन्टी जारी गरेको अन्तिम मिति र समयको हतारको कारणले प्राबिधिक त्रुटी हुन गएको गल्ती सच्याउन तयार रहेको क्षमा याचना सहित ठेक्का सदर गर्न अनुरोध गरेकोमा नियमानुसार निवेदकको आशयपत्र प्राप्त नभएको कारणले सारभुत रुपमा प्रभावग्राही नदेखिएको भनी मुल्यांकनबाट हटाई दोस्रो बढी अंक कबोल गर्ने भवानी निर्माण सेवा डुडुवा-४ बाँकेको बोलपत्र स्वीकृत गरिएको हो।रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरुको संयुक्त लिखित जवाफ।

## आदेश खण्ड

७. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितका मिसिल कागजातहरु अध्ययन गरी रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् बरिष्ठ अधिवक्ता श्री लोक बहादुर शाह र विद्वान अधिवक्ता द्वय श्री शक्ति सिंह हमाल, श्री मान बहादुर रावत तथा विपक्षीहरुको तर्फवाट उपस्थित विद्वान अधिवक्तात्रय श्री बासुदेव ज्ञवाली, श्री पदम पाण्डे र श्री गणेश प्रसाद थारुले प्रस्तुत गर्नु भएको वहस जिकिरसमेत सुनियो।

८. उपरोक्त तथ्य रहेको प्रस्तुत रिट निवेदनमा निवेदकको निवेदन माग बमोजिमको आदेश जारी हुने हो, होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

९. निर्णय तर्फ विचार गर्दा, राप्ती सोनारी गाउँपालिकाको कार्यालय अगैया,बाँकेले मुगुवा खोलाको विभिन्न स्थानमा जम्मा गरी राखेको ढुङ्गा गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएका शर्तहरुको अधिनमा रही आवश्यक कागजातहरु सहित बोलपत्र प्रक्रियामा सहभागी हुन भनी बोलपत्रको सूचना प्रकाशन गरेकोले म निवेदक कम्पनी समेत रितपूर्वक सहभागी भई भ्याट बाहेक रु.७०,००,०००।– (सत्तरी लाख रुपैयाँ) सबैभन्दा बढी अंकको रकम कबोल गरी विपक्षीवाट ठेक्का प्राप्त गरेकोमा बैंक कर्मचारीको मानवीय त्रुटिका कारण विपक्षी कार्यालयको शर्त बमोजिम तोकिएको कबोल अंकको ५% हुन आउने रकम रु.३,५०,०००।– जम्मा गरिदिनु पर्नेमा २/३% धरौटी अर्थात रू.१,७०,०००।– मात्र बैंक ग्यारेन्टी जारी भएको थियो। त्रुटि हुन गएको रकमको वारेमा जानकारी पाउनासाथ यथाशीघ्र ५% नै विडबण्ड बनाएको थिएँ। तर अन्तिममा अपलोड हुन नसकेको हो। सोही जानकारी सहित बढी अंकमा कबोल भएको ठेक्का प्रक्रिया सदर गरी बाँकी प्रक्रिया अगाडि बढाई पाउँ भनी विपक्षी नं. २ लाई संवोधन गरी मिति २०८३।०१।०४ मा स्पष्टिकरण पेश गरेको थिएँ। विपक्षीले मिति २०८२।११।२९ मा विद्युतीय खरिद प्रणालीमार्फत पेश भएका बोलपत्रहरु मध्ये उक्त ठेक्काको कामको लागि भवानी निर्माण सेवा डुडुवा, ४ बाँकेलाई रु.५७,६३,०००/- (भ्याट सहित) मा दिइएको बोलपत्रको आसय थाहा जानकारी हुन आएकोले म निवेदकलाई सुचित नै नगरी मेरा नाममा स्वीकृत हुनुपर्ने बढी कबोल अंकको ठेक्का रद्द गरी कम कबोल अंकको अन्य फर्म भवानी निर्माण सेवाको बोलपत्र स्वीकृत गर्ने गरी मिति २०८३।०१।०८ को निर्णय र सुचना उत्प्रेषणको आदेशले बदर गरी मैले प्राप्त गरिसकेको ठेक्का प्राविधिक त्रुटीलाई देखाई हठात् रद्द गरी कम कबोल अंक भएको अन्य फर्मको बोलपत्र स्वीकृत गर्ने कार्य रोकी सवैभन्दा बढी रकम कबोल गरेको लखनामरी माता कन्स्ट्रक्सन प्रा. लि. का नाममा बोलपत्र स्वीकृत गरी ठेक्काको काम कारवाही अगाडि बढाउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश गरिपाउँ भन्ने दावी लिई निवेदकले निवेदन दिएको देखिन्छ भने यी निवेदकले शर्त बमोजिम बुझाउनु पर्ने कबोल अंकको ५% रकम बैंक ग्यारेन्टी गराई नियमानुसार

निवेदकको आशयपत्र प्राप्त नभएको कारणले सारभुत रुपमा प्रभावग्राही नदेखिएको भनी मुल्यांकनबाट हटाई दोस्रो बढी अंक कबोल गर्ने भवानी निर्माण सेवा डुडुवा-४ बाँकेको बोलपत्र स्वीकृत गरिएको हो भन्ने विपक्षीहरुको लिखित जवाफ रहेको देखिन्छ।

१०. यसमा, विपक्षी गाउँपालिकाको कार्यालयले गाउँपालिकाको क्षेत्रधिकार भित्र रहेको मुगुवा खोलाको बिभिन्न स्थानमा जम्मा गरेर राखेको ढुङ्गा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न बिभिन्न शर्तहरु राखी मिति २०८२/११/२९ मा सुचना प्रकाशन गरेको, सो बमोजिम तोकिएको समय सीमाभित्र निवेदक समेतको बोलपत्र पर्न आएको र उल्लिखित बोलपत्र मिति २०८३/०१/०३ मा खोल्दा लखनामरी माता कन्स्ट्रक्सन प्रा.लि. को पहिलो निवेदनमा उल्लेख गरे अनुसार रु.७९,१०,०००/- र भवानी निर्माण सेवाको दोस्रो रु.५७,६३,०००/- भ्याट सहितको आशयपत्र समेतको बोलपत्र खोलिएकोमा निवेदक पहिलो मुल्य राखी पेस गरेको बोलपत्र आशय पत्रमा सुचना बमोजिम कबोल अंकको ५% धरौट राखेको नदेखिएकोले सो विषयमा निवेदक कम्पनीसँग जानकारी माग गरिएको देखिन्छ। सोही क्रममा निवेदक कम्पनीबाट मिति २०८३।०१।१० मा निवेदक कम्पनीले प्राप्त गरेको ठेक्का केवल बैंक ग्यारेन्टीको प्राविधिक त्रुटिका आधारमा बदर गर्नु गैरकानूनी भएकोले उक्त ठेक्का बदर गर्ने निर्णय खारेज गरी ठेक्का यथावत यसै फर्मलाई कायम गरीपाउँ भनी निवेदन दिएको भन्ने कुरा निवेदकको रिट निवेदन तथा विपक्षीहरुको लिखित जवाफबाट समेत देखिन्छ।

११. निवेदकको निवेदन व्यहोराबाट खरिद प्रकृयामा प्रश्न उठाएको देखिन्छ। खरिद प्रक्रियामा चित्त नबुझेमा सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिन सक्ने भनी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ मा व्यवस्था गरेको पाइन्छ। जसको उपदफा (१) मा "*सार्वजनिक निकायले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै वोलपत्रदाता वा प्रस्तावदाताले त्यस्तो त्रुटि वा निर्णयको पुनरावलोकनका लागि सम्बन्धित सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिन सक्नेछ*" भन्ने व्यवस्था छ भने उपदफा (२) मा " *उपदफा (१) बमोजिम दिने पुनरावलोकनको निवेदन खरिद सम्झौता हुनु भन्दा अघिको कारबाहीका सम्बन्धमा*

*सीमित हुनेछ "* भन्ने व्यवस्था छ। सो दफाको उपदफा (६) मा " *उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा छानबिन गर्दा खरिद कारबाहीमा कुनै त्रुटि देखिए, सार्वजनिक निकायले पालना गर्नु पर्ने कर्तव्य पालना गरेको नदेखिए वा त्यस्तो निर्णय कानून विपरीत देखिएमा सार्वजनिक निकायका प्रमुखले खरिद कारबाही निलम्बन गरी सो निवेदन प्राप्त भएको पाँच दिनभित्र कारण खुलाई लिखित निर्णय गर्नु पर्नेछ"* भन्ने व्यवस्था रहेको पाइन्छ।

१२. प्रस्तुत निवेदनमा दावी लिइएको विषयमा हालसम्म खरिद सम्झौता भएको भन्ने लिखित जवाफ तथा ठेक्का सम्झौताको कारवाही सम्बन्धी सक्कल फाइल कागजातबाट देखिंदैन। यसरी निवेदकले खरिद कारवाहीको सम्बन्धमा प्रश्न उठाई निवेदन दिइसकेपछि सार्वजनिक निकायको प्रमुखले छानविन गरी टुङ्गोमा पुग्नु पर्ने भन्ने उक्त कानूनको मक्सद रहेको देखिन्छ। त्यसरी छानबिन गर्दा कुनै त्रुटि नदेखिएमा सोही बमोजिमको निर्णय गरी निवेदकलाईसमेत जानकारी गराई खरिद प्रक्रिया अगाडि बढाउन सक्ने नै देखिन्छ। यदि खरिद कारवाहीमा कुनै त्रुटि देखिएमा वा सार्वजनिक निकायले पालना गर्नु पर्ने कर्तव्यको पालना गरेको नदेखिएमा वा त्यस्तो निर्णय कानून विपरित भएको देखिएमा खरिद कार्य निलम्बन गरी ५ दिन भित्र कारण खुलाई निर्णय गर्नु पर्ने भन्ने उक्त कानूनको मक्सद रहेको देखिन्छ।

१३. निवेदनमा दावी लिईएको खरिद कारवाहीका सम्बन्धमा निवेदकले मिति २०८३।०१।१० मा दिएको निवेदनका सम्बन्धमा हालसम्म छानविन गरी औपचारिक निर्णय भएको नदेखिएको र सो विषयमा छानविन गर्न अधिकार प्राप्त अधिकारीबाट छानविन गरी एउटा निस्कर्षमा नपुग्दै हाल भईरहेको काम कारवाहीलाई यस अदालतबाट बदर गर्दा वा निरन्तरता दिंदा स्वच्छ छानबिन गर्ने सार्वजनिक निकायका प्रमुखको अधिकार र कर्तब्यमा हस्तक्षेप हुने तथा विपक्षी कार्यालयबाट भईरहेको कारवाही नरोकी छानबिन प्रक्रिया अगाडि बढाउनु पनि उपयुक्त नदेखिएकोले हाल भई रहेको काम कारवाही निलम्बन गरी सार्वजनिक निकायको प्रमुखबाट उक्त दफा ४७ बमोजिम छानबिनको प्रक्रिया अगाडि बढाउनु मनासिव देखिएकोले हाल सार्वजनिक निकायको प्रमुखबाट उक्त खरिद कारवाही निलम्बन गरी छानबिन गरी

निवेदकले मिति २०८३।०१।१० मा दिएको निवेदनको टुङ्गो लगाई खरिद प्रक्रिया अगाडि बढाउनका लागि विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गर्नु न्याययोचित हुने देखिन आयो।

१४. अतः माथि विवेचना गरिएको आधार र कारणबाट निवेदक लखनामती माता कन्स्ट्रक्सन प्रा.लि. ले आफूले प्राप्त गरी सकेको ठेक्का केवल बैङ्क ग्यारेण्टीको प्राविधिक त्रुटीका आधारमा वदर गर्नु गैर कानुनी भएकोले उक्त ठेक्का वदर गर्ने निर्णय खारेज गरी ठेक्का यथावत यसै फर्मलाई कायम गरीपाउँ भनी विपक्षी प्रशासकीय अधिकृत समक्ष मिति २०८३/०१/१० मा निवेदन दिएको देखिएको, त्यसरी निवेदन परेपछि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम सार्वजनिक निकायको प्रमुखले आवश्यकतानुसार खरिद कारवाही निलम्वन गरी सो निवेदन प्राप्त भएको पाँच दिनभित्र कारण खुलाई लिखित निर्णय गर्नुपर्नेमा यी निवेदकले दिएको निवेदनमा कुनै कारबाही भएको नदेखिएकोले उक्त सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (६) बमोजिम तत्कालका लागी खरिद सम्बन्धी कारबाही निलम्वन गरी निवेदक लखनामती माता कन्स्ट्रक्सन प्रा.लि. ले दिएको उल्लिखित निवेदनका सम्बन्धमा जो जे बुझ्नुपर्छ बुझी कानुन बमोजिम निर्णय गरी खरिद प्रक्रिया अगाडि बढाउनु भनी विपक्षीहरुको नाममा न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१) बमोजिम परमादेशको आदेश जारी हुने ठहर्छ। रिट निवेदकले मिति २०८३/०१/१० मा दिएको निवेदनमा कानुन बमोजिम निर्णय हुने नै हुँदा निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु परेन। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

- माथि आदेश खण्डमा उल्लेख गरिए अनुसार विपक्षीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहरेकोले आदेश कार्यान्वयनका लागि प्रस्तुत आदेशको प्रतिलिपि सहितको जानकारी निवेदक र विपक्षीहरुलाई दिनू........................................................१
- सरोकारवालाले प्रस्तुत आदेशको नक्कल माग्न आएमा नियमानुसार दस्तुर लिई नक्कल दिनू..................................................................................................२

- प्रस्तुत आदेश प्रमाणिकरण भएको सूचना नियमानुसार प्रकाशित गरी आदेशको विद्युतीय प्रति अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू........................................................................................३

(दलबहादुर के.सी.)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(मदन पोखेल)
न्यायाधीश

<u>**आदेश तयार गर्न सहयोग गर्नेः-**</u>

शाखा अधिकृतः-कमल सिंह ठकुरी

इति सम्वत् २०८३ साल असार महिना ०८ गते रोज २ शुभम्.................................

आदेश प्रमाणिकरण भएको मितिः- न्यायाधीश अदालतको छापः-